Nepal Centre of ITI

# अन्तर्राष्ट्रिय नृत्य दिवस, अप्रिल २९, २०२६
# विश्व सन्देशका लेखक
## क्यानेडियाली कोरियोग्राफर क्रिस्टल पिटको संक्षिप्त जीवनी

क्यानेडियाली कोरियोग्राफर क्रिस्टल पिट ब्याले ब्रिटिश कोलम्बिया र विलियम फोर्सिथको ब्यालेट फ्रान्कफर्टकी पूर्व कम्पनी सदस्य हुन् ।

३५ वर्षको कोरियोग्राफिक करियरमा, पाइटले द रोयल ब्याले, नेडरल्याण्ड्स डान्स थिएटर, द पेरिस ओपेरा ब्याले, द नेशनल ब्याले अफ क्यानडा जस्ता कम्पनीहरूका लागि ६० भन्दा बढी सिर्जना गरिसकेकी छिन् । उनी आघात, लत, द्वन्द्व, चेतना र मृत्युदर जस्ता विषयहरूलाई साहसपूर्वक सम्बोधन गर्ने नृत्य सिर्जनाहरूका लागि परिचित छिन् । उनको साहसी र मौलिक दृष्टिकोणले उनले अन्तर्राष्ट्रिय प्रशंसा कमाएकी छिन् र नृत्य कलाकारहरूको वर्तमान सम्पूर्ण पुस्तालाई प्रेरित गरिरहेकी छिन् ।

उनी नेडरल्याण्ड्स डान्स थिएटर, स्याडलर्स वेल्स (लन्डन) र क्यानडाको राष्ट्रिय कला केन्द्रका सहयोगी कलाकार हुन् । उनले साइमन फ्रेजर विश्वविद्यालयबाट ललितकलाको मानार्थ विद्यावारिधि उपाधि हासिल गरेकी छिन् भने उनी अर्डर अफ क्यानडाकी सदस्य हुन् । उनी फ्रान्सबाट अफिसियर डे ल’अर्ड्रे अफ आर्ट्स एट डेस लेट्रेसबाट सम्मानित व्यक्तित्व हुन् ।

सन् २००२ मा, उनले भ्यानकुभरमा किड पिभोट कम्पनी स्थापना गरिन् । जसले विश्वव्यापी प्रश्नहरूलाई मानवतासँग जोड्ने कलाकृतिहरूमा रुपान्तरण गर्ने प्रयास गर्छ । उनी नृत्य र रङ्गमञ्चको कट्टरपन्थी रुवरुपका लागि विश्व प्रसिद्ध, किड पिभोटले बेट्रोफेनहाइट, रिभाइजर, असेम्ब्ली हल (जोनाथन यंगसँग सह-निर्मित), द टेम्पेस्ट रेप्लिका, डार्क म्याटर्स, लस्ट एक्सन, द यु शो जस्ता प्रशंसित कार्यहरूसँग अन्तर्राष्ट्रिय रुपमा परिचित छिन् ।

पिट गभर्नर जनरल अफ क्यानडाको प्रदर्शन कला पुरस्कार २०२२, ज्याकबको पिलो डान्स पुरस्कार २०११ र क्यानडा काउन्सिलको ज्याकलिन लेमिएक्स पुरस्कार २०१२ पनि पुरस्कृत छिन् । सन् २०१७ मा उनले पेरिस ओपेरा ब्यालेटमा आफ्नो सिर्जना द सिजन्स क्याननको लागि बेनोइस डे ला डान्स अवार्ड साथै २०१८ मा उनले ग्रान्ड प्रिक्स डे ला डान्से डे मोन्ट्रियल अवार्ड प्राप्त गरेकी थिइन् । उनी किड पिभोट र द रोयल ब्यालेटका सिर्जनाहरूका लागि पाँचवटा सर लरेन्स ओलिभियर पुरस्कारहरू पाउने अन्तर्राष्ट्रिय कलाकार हुन् ।

**भावानुवादः आइटिआइ नेपाल**

Email: nepalcentreofiti@gmail.com | Address: Kathmandu, Nepal